## वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को आर्थिक ऐन

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको विधेयक**

प्रस्तावनाः वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक ऐन २०७६** रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि वारागुङ मुक्तिक्षेत्र गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि-१ बमोजिम घरजग्गा कर लगाईने र असूल गरिनेछ।

३. **भूमि कर मालपोतः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि-२ वमोजिम भूमि कर मालपोत लगाईने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन पसल ग्यारेज गोदाम टहरा छप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-३ वमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

६. **जडिबुटी र जिबजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन,खोटो,जडिबुटी ,बनकस,कबाडी,माल र प्रचलित कानुनले निषेध गरिएको जिबजन्तुबाहेकका अन्य मृत या मारिएका जिबजन्तुको हाड,सिङ,प्वाख,छाला जस्ता बस्तुको ब्यबसाय कारोबार गरे वापत अनुसूची-५ बमोजिम कर लगाईने तथा असुल उपर गरिनेछ।

७. **सवारी साधन करः** प्रदेश सरकारले निर्धारण गरेवमोजिम सवारी साधन कर लगाईने छ। उक्त कर प्रदेशले असुल गरि अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन २०७४ बमोजिम स्थानीय तहको बिभाज्य कोष मार्फत संचित कोषमा बांडफांड गरिने छ।

८. **बिज्ञापन कर :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाभित्र हुने बिज्ञापनमा अनुसूची-६ बमोजिम कर लगाइने र असुल उपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारले निर्धारण गरेको बिज्ञापन कर संकलन गरी प्रदेश बिभाज्य कोषमा राजश्व बांडफांड गरिने छ।

९. **मनोरंजन कर :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र हुने मनोरंजन,ब्यबसाय सेवा अनुसूची-८ बमोजिम ब्यबसाय कर लगाइने/असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन २०७४ बमोजिम प्रदेश सरकारले निर्धारण गरेको बिज्ञापन कर संकलन गरी प्रदेश बिभाज्य कोषमा राजश्व बांडफांड गरिने छ।

१०. **बहाल बिटौरी शुल्क :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र आफुंले निर्माण,रेखदेख वा संचालन गरेका हाट बजार,पसल वा सरकारी जग्गामा अनुसूची-९ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने वा असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र कुनै सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराएबापत अनुसूची -१० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ,कोयोकिङ,क्यानोइङ,बन्जी जम्पिङ,जिपफ्लायर,र्‍याफ्टिङ सेवा शुल्क :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र ट्रेकिङ,कोयोकिङ,क्यानोइङ,बन्जी जम्पिङ,जिपफ्लायर,र्‍याफ्टिङ सेवा वा ब्यबसाय संचालन गरेबापत अनुसूची-११ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि-१२ वमोजिमका उल्लेखित पुर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीहरुबाट सोही अनुसार अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **पर्यटन प्रवेश शुल्क :** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान,पार्क,चिडियाखाना,ऐतिहासिक वा पुरातात्विक सम्पदा,संग्रहालय जस्ता सम्पदा उपयोग गरेबापत पर्यटकहरुबाट अनुसूची-१३ मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले निर्धारण गरे अनुसार हुनेछ।

अनुसूची-१:

सम्पति कर

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले सम्पति कर हाललाई लागू गर्न नसकेको अवस्था छ ।

अनुसूची-२:

भुमि कर मालपोत

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाभित्र रहेको जमिनमा ३ रोपनी सम्म रु. ६०, ४ रोपनी देखि २० रोपनी सम्म अतिरिक्त प्रति रोपनी रु. २५ का दरले र २१ रोपनी देखि माथि थप जग्गामा प्रति रोपनी रु. ३० का दरले मालपोत कर असुल उपर गरिनेछ ।एकीकृत सम्पति कर लागु भएको अवस्थामा सोहि अनुसार कर असुल गरिनेछ ।

अनुसूची-३:

घर जग्गा बहाल कर

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाभित्र कुनै व्यक्ति या संस्थाले पूर्ण या आंशिक रुपले भाडामा लगाइएको घर वा जग्गाको सम्झौता अनुसार सो को १० प्रतिशत रकम घर जग्गा बहाल करको रुपमा असुल उपर गरिनेछ ।

अनुसूची-४:

ब्यबसाय कर

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्र कुनै ब्यापार ब्यबसाय वा सेवामा गरेको पुँजीगत लगानी वा आर्थिक कारोबारको आधारमा तपशिल बमोजिमका ब्यवसायमा तपशिल अनुसारको कर संकलन गरिने वा असुल उपर गरिनेछ ।

होटल ब्यबसाय कर -अनुमानित बार्षिक आम्दानी गर्न सक्ने क्षमताको आधारमा होटल बर्गिकरण गरी निम्नाउसार कर संकलन गर्ने तथा असुल उपर गरिनेछ ।

| बर्ग | अनुमानित बार्षिक आम्दानी क्षमता | बार्षिक कर रकम |
|---|---|---|
| क | ३० लाख देखि माथि | ६०००/- |
| ख | २० लाख-३० लाख सम्म | ४०००/- |
| ग | १० लाख-२० लाख सम्म | ३०००/- |
| घ | १० लाख सम्म | २००० |

दर्ता भएका होम स्टे बाट बार्षिक रु. ५०० कर असुल उपर गरिनेछ ।

होटल बाहेक अन्य तल उल्लेखित ब्यवसायमा तपशिल बमोजिमको कर संकलन गर्ने तथा असुल उपर गरिनेछ ।

| ब्यबसायको प्रकार | बार्षिक कर रकम |
|---|---|
| होलसेल पसल | २००० |
| किनारा पसल | १००० |
| रेष्टुरेन्ट स्टेशनरी र अन्य | १००० |
| डिष्टिलरी उद्योग | १०००० |
| पानी उद्योग | ५००० |
| ब्लक उद्योग | ५००० |
| ग्यारेज/वर्कशप | ५००० |
| फर्निचर उद्योग | १०००० |
| थ्रेसर कुटानी पिसानी मिल | ५०० |
| पटके पसलहरु | ५०० |
| फ्रेस हाउस | २००० |
| क्रसर उद्योग | [redacted] |

| बैंकिङ व्यवसाय दर्ता/ नविकरण | |
|---|---|
| क वर्गको | १००००/ बैंक |
| ख वर्गको | ५०००/ बैंक |
| शाखारहित | १०००/बैंक |

अनुसूची-५

जडिबुटी र जीवजन्तु कर

| व्यवसायिक पशु विक्रीमा कर | २०/ वाख्रा, ५००/ याक |
|---|---|
| अन्य पालिकाबाट व्यवसायिक प्रयोगको लागि ल्याउदा ७ दिन सम्मको लागि चरिचरन वापत | प्रति वाख्रा ५ / प्रति याक २० |
| कृषि जन्य वस्तु विक्रीमा | ५०००/ ठुलो ट्रक, २५००/ सानो ट्रक २०००/ट्रयाक्टर |
| जडिबुटी ब्यबसायिक उत्पादन | यार्सागुम्बा-१००००/केजी जिम्बु-५०/केजी |

अनुसूची-६

**बिज्ञापन कर**

प्रदेश सभाले निर्धारण गरे बमोजिम बिज्ञापन कर असुल उपर गरिनेछ ।

अनुसूची-८

मनोरंजन कर

स्वदेशी छायांकन डकुमेन्ट्री भिडियो-५०००/-

स्वदेशी चलचित्र-७०००/-

बिदेशी छायांकन-१००००/-

अनुसूची-९

बहाल बिरौटी शुल्क

हाल यसमा कुनै शुल्क निर्धारण नगरिएको हुँदा पछी गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची-१०

पार्किङ शुल्क

बस ट्रक डोजर आदि -२००

कार जिप भ्यान-१५०

मोटरसाइकल-२०

## अनुसूची-११

**ट्रेकिङ,कोयोकिङ,क्यानोइङ,बन्जी जम्पिङ,जिपफ्लायर,र्याफ्टिङ सेवा शुल्क**

हाल यसको निर्धारण नगरिएकोले पछी गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची-१२

**सेवा शुल्क दस्तुर**

| | सिफारिस दस्तुर | |
|---|---|---|
| क | वंशजको नागरिकता सिफारिस | २०० |
| ख | अङ्गिकृत नागरिकता सिफारिस | २०० |
| ग | नागरिकताको प्रतिलिपि सिफारिस | २०० |
| घ | नागरिकता संसोधन सिफारिस | २०० |
| ङ | नाता प्रमाणित नेपाली | ५०० |
| च | नाता प्रमाणित अँग्रेजी | ५०० |
| छ | विद्युत जडान सिफारिस | २०० |
| ज | नाम संसोधन नाम छुट तथा दुई नाम एकै सिफारिस | २०० |
| झ | जन्म मिति प्रमाणित | २०० |
| ञ | स्थायी/ अस्थायी वसोवास सम्वन्धि | २०० |
| ट | नाम थर जन्म मिति संसोधन सिफारिस | २०० |
| ठ | घर जग्गा नामसारी सिफारिस | २०० |
| ड | फुकुवा सिफारिस | २०० |
| ढ | पेन्सन कार्ड वा सो सम्वन्धी सिफारिस | २०० |
| ण | कर चुक्ताको सिफारिस | २०० |
| त | दलित आदिवासी सिफारिस | निःशुल्क |
| थ | व्यक्तिगत घटना दर्ता ३५ दिन सम्म | निःशुल्क |
| द | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | १०० |
| ध | घर निर्माण सम्पन्न सिफारिस | ५०० |
| न | घर नक्सा नामसारी | ५०० |
| प | व्यवसाय दर्ता लगतकट्टा | ५०० |
| फ | कागजात प्रमाणित | प्रति पाना ५ |

अन्य कर प्रचलित कानून तथा गाउँकार्यपालिकाको निर्णय अनुसार असुल उपर गरिनेछ ।

## अनुसूची-१३

**पर्यटन प्रवेश शुल्क**

हाललाई यो शुल्क निर्धारण नगरिएकोले पछी गाउँ कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।